# देवानगञ्ज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## देवानगञ्ज, सुनसरी
### १ नं प्रदेश, नेपाल

**करार सेवामा पदपूर्ति सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः-२०७७/०९/१६)**

यस देवानगञ्ज गाउँपालिकाले प्रदेश सरकार र करुणा फाउण्डेसन नेपालसँगको साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अनुसार आवश्यक तपसिल पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएको हुँदा आवश्यक न्यूनतम योग्यता पुगेका कुनै वाल कसुर नलागेका इच्छुक योग्य नेपाली नागरिकले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | सेवाको किसिम | संख्या | परीक्षा किसिम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५/०७७/०७८ | सामुदायमा आधारित पुनर्स्थापना (सिविआर) सहजकर्ता (खुला) | २ जना | लिखित परीक्षा, कम्प्युटर सीप तथा अन्तरवार्ता | |
| २ | ६/०७७/०७८ | सामुदायमा आधारित पुनर्स्थापना (सिविआर) सहजकर्ता (अपाङ्गता भएका व्यक्ति) | १ जना | | |

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता तथा अनुभव :-**

- **समुदायमा आधारित पुनर्स्थापना (सिविआर) सहजकर्ता वा अ.न.मी.**
  - क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा अ.न.मी. उत्तिर्ण गरी कार्यानुभव हासिल गरेको,
  - ख) नेपाल नसिंङ्ग परिषदमा दर्ता भएको हुनुपर्ने,
  - ग) कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको,
  - घ) स्वास्थ्य र अपाङ्गताको क्षेत्रमा काम गरेको अनुभव भएको ।

२. **उम्मेद्धवारको उमेर** :- महिला र अपाङ्गता भएका व्यक्तिहरुको हकमा दरखास्त दिन अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाधेको र पुरुषको हकमा दरखास्त दिन अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाधेको ।

३. **तलव, सुविधा तथा अन्य सेवा शर्त** :- मासिक रु. १५,०००/- (पन्ध्र हजार रुपैया मात्र) र अन्य सेवा सुविधा करार सम्झौतामा उल्लेश गरिए बमोजिम ।

४. **दरखास्त दिने स्थान** :- देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, देवानगञ्ज-२, सुनसरी ।

५. **दरखास्त दिने अन्तिम मिति** :-२०७७/१०/०१ गते सम्म, सो दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय समय सम्म ।

६. **आवेदनको दस्तुर** :- खुला तर्फ रु. ३००/- (तीन सय रुपैया मात्र) र खुलासँगै समावेशी (अपाङ्गता भएको व्यक्तिको लागि मात्र) सिटमा थप रु. १००/- (एक सय रुपैया मात्र)

७. **दरखास्त दस्तुर बुझाउने स्थान** : देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, देवानगञ्ज-२, सुनसरी को आन्तरिक राजस्व खाता NIC Asia बैंक, ईनरुवा शाखाको खाता नं.२४३२०५००२६४५५००७ मा बुझाई सो को सक्कलै रसिद दरखास्त साथ पेश गर्नु पर्नेछ ।

८. **दरखास्त फारम** : देवानगञ्ज गाउँ कार्यपालिकाको कार्यालय, प्रशासन शाखा वा देवानगञ्ज गाउँ कार्यपालिकाको कार्यालयको वेवसाइट www.dewanganjmun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

९. **आवेदन साथ संलग्न कागजातहरु** :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु,

- नेपाली नागरिकताको प्रमाणीत प्रतिलिपि
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्रको प्रतिलिपि
- चारित्रिक प्रमाण-पत्रको प्रतिलिपि
- अनुभव खुल्ने कागजात-पत्र
- ३ प्रति पासपोर्ट आकारको फोटो

१०. **पाठ्यक्रम** : यस गा.पा. कार्यालयको वेवसाइटबाट प्राप्त गर्न सकिने ।

११. **विशेष व्यवस्था** : समुदायमा आधारीत पुनर्स्थापना सहजकर्ताहरुको छनौट पश्चात दुई (२) महिनाको समुदायमा आधारीत पुनर्स्थापना तालिम हुनेछ ।

१२. **परिक्षाको मिति** : दरखास्त संकलन काम सकिएपछि देवानगञ्ज गाउँपालिकाको वेवसाइटमा राखिनेछ । साथै पालिकाको सूचनापाटिमा टाँस गरिनेछ ।

१३. **सम्पर्क** : Email Id dewanganjmun@gmail.com ,Website: www.dewanganjmun.gov.np

............
चुडामणि गुरागाई
प्रमुख प्रशासकीय अधिकृत